साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड -०४ संख्या -०८ मिति :२०७७/१२/२२

## भाग -०२

**साँफेबगर नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०७७**

आज्ञाले,
लक्ष्मी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको लैंगिक हिँसा निवारण कोष संचालनकार्यविधी, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१२/२१

**प्रस्तावना:**

साँफेबगर नगरपालिकाको सामाजिक क्षेत्रमा देखा पर्ने लैंगिक हिंसाका घटनाहरु न्यूनीकरण गर्न तथा पिडित पक्षको राहत, आर्थिक सहयोग तथा पुनर्स्थापनामा पहलकदमीको लागि कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

"स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२को उपदफा २ र साफेबगर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४" ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "साँफेबगर नगरपालिकाको लैंगिक हिँसा निवारण कोष संचालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "लैंगिक हिँसा"भन्नाले प्राकृतिक लिंगकै कारण कार्य स्थल, सार्बजनिक स्थल तथा घरपरिवारमा हुने दुर्व्यवहार, बहिस्कार तथा मनोबैज्ञानिक असर समेतलाई बुझ्नु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ तथा साँफेबगर नगरपालिकाको प्रशासकीय गतिविधि नियमित गर्न बनेको ऐन २०७५ समेतलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले साँफेबगर नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) "उप-प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(च) "कार्यपालिका सदस्य" भन्नाले साँफेबगर नगर कार्यपालिकाका सदस्यलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "सम्बन्धित शाखा" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको महिला बालबालिका तथा जेष्ट नागरिक शाखालाई सम्झनु पर्छ।

(झ) "कोष" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम स्थापित लैंगिक हिँसा निवारण कोष खातालाई सम्झनु पर्छ ।

(ञ) "संचालक समिति" भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ

(ट) "पिडित" भन्नाले लैंगिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद- २

## लैंगिक हिँसा निवारण कोषको स्थापना तथा उपयोग

३. कोषको स्थापना:(१) साँफेबगर नगर कार्यपालिकाको बैठकले तोकेको नगरपालिका स्थित बैंकमा साँफेबगर नगरपालिकाको नाममा लैंगिक हिँसा निवारण कोष खाता खोलिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको कोष खातामा देहाय बमोजिमका रकमहरु रहनेछन:

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ख) साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको निर्णयानुसार प्राप्त रकम

(ग) साँफेबगर नगरपालिका नगर सभाले पारित गरेको बार्षिक बजेट अनुसारको रकम

(घ) अन्य स्थानीय तहहरु बाट प्राप्त रकम

(ङ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम

(च) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट तथा सरकारबाट प्राप्त रकम

(छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम

४. कोष खाता संचालन: नियम ३ बमोजिम स्थापित कोष खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

५. कोषमा रकम जम्मा गर्नुपर्ने: महिलाको हक हितको संरक्षणको लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको रकम र सोहि क्षेत्रमा खर्च गर्ने गरि संघीय सरकार तथा प्रदेश सरकार बाट प्राप्त रकम नघटाई यथाशिघ्र कोषमा जम्मा गर्ने दायित्व नगर कार्यपालिकाको हुनेछ ।

६. कोषको उपयोग :

१. कोषको रकम संचालक समितिको सिफारिश अनुसार देहायको कामको लागि पिडितको उद्धार तथा राहतको लागि उपलब्ध गराउन सकिनेछ :-

क. तत्काल उद्धार गर्न,

ख. औषधी उपचार गर्न,

ग. राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

घ. कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

ङ. कुनै व्यवशाय गर्नको लागि बीउ पुंजीको रुपमा प्रदान गर्न,

च. पुनर्स्थापना गराउन,

छ. पिडितको लागि संचालक समितिले तोकेको अन्य काममा

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालक समितिले लैंगिक हिंसाबाट पिडित महीला, पुरुष, बालबालिका, क़िशोर-किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगि भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

७. <u>कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:</u>

१. कोषको रकम नियम ५ मा लेखिए बमोजिम बाहेक अन्य कार्यमा खर्च गर्न सकिने छैन ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालन समितिको बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

## परिच्छेद ३

## संचालक समिति गठन तथा काम कर्तव्य र अधिकार

८. <u>संचालक समितिको गठन :-</u>

१. पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतका लागि संचालक समिति रहने छ।

२. उपनियम(१) बमोजिमको संचालक समिति नगर कार्यपालिकाको निर्णय अनुसार देहायको संख्या एवम स्वरुपको हुनेछ –

| | |
|---|---|
| क. नगर उप-प्रमुख : | अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत ; | सदस्य |
| ग. प्रमुख, ईलाका प्रहरी कार्यालय : | सदस्य |
| घ. नगर प्रमुखले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य : | सदस्य |
| ङ. नगर क्षेत्रमा कार्यरत गै.स.स.बाट संचालक समितिले तोकेको एकजना : | सदस्य |
| च. महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख : | सदस्य सचिव |

३. संचालक समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

४. संचालक समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>संचालक समितिको काम, कर्तव्य र अधिकार</u>: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. लैंगिक हिंसाबाट पिडित व्यक्तिको पहिचान गर्ने ।

ख. उद्धार राहत तथा पुनर्स्थापना गर्नुपर्ने वा नपर्ने अवस्थाको आंकलन गर्ने।

ग. पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सिफारिश गर्ने।

घ. राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने, गराउने।

ङ. स्थानीय तहमा लैंगिक हिँसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरुबीच समन्वय गर्ने।

च. लैंगिक हिँसा हुन् नदिनका लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

छ. वडा स्तरमा हुने बाल-विवाह तथा बहु-विवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्बन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने ।

ज. बार्षिक बजेट व्यवस्थापनको लागि कार्यपालिकालाई अनुरोध गर्ने।

१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :

यस कार्यविधी अनुसार पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईनेछ।

क. पिडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा, सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधन बाट यात्रा गर्दा लाग्ने भाडा रकम र खाना खर्च वापत तथा बास बस्नुपर्ने भए सो वापतको रकम ५ हजार नबढ्ने गरी उपलब्ध गराउने,

ख. पिडितलाई अस्पतालमा भर्ना गरि औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु पर्ने भएमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत गरी ७ हजार नबढ्ने गरी उपलब्ध गराउने,

ग. कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार नबढ्ने गरि लागेको यथार्थ खर्च उपलब्ध गराउने,

घ. कुनै व्यवशाय गर्नको लागि बीउ पुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरि बढीमा बिस हजार उपलब्ध गराउने,

ङ. पुनर्स्थापनाको हकमा बढीमा पाँच हजार उपलब्ध गराउने,

## परिच्छेद ४

## विविध

११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :

१. यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई वडा

वडा कार्यालयको सिफारिस सहित महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा निवेदन दिनुपर्नेछ।

२. उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच बुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा संचालक समितिले नियम १० को अधिनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पिडितलाई तत्काल उद्दार, उद्दार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा संचालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट १०,०००/- (अक्षेरुपी दश हजार मात्र) नबढ्ने गरि मनासिब रकम पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

२. उपनियम (१) बमोजिमको अवस्थामा अध्यक्षले उपलब्ध गराएको रकम त्यसपछि बस्ने संचालक समितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

१३. कोषको लेखा तथा लेखा परिक्षण :

१. कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२. कोषको अन्तिम लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. आवर्ती (रिभल्भिंग) कोष :यो कोष आवर्ती (रिभल्भिंग) कोषको रुपमा रहनेछ।

१५. प्रतिवेदन पेश गर्ने :

१. संचालक समितिले प्रत्येक २ महिनामा सो समितबाट भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

२. कार्यपालिकाले बार्षिक रुपमा प्रतिवेदन सार्बजनिक गर्नुपर्नेछ ।

१६. बैठक भत्ता :संचालक समितिका अध्यक्ष तथा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाको बैठकले तोके बमोजिमको रकम बैठक भत्ता पाउने छन ।

१७. निर्देशन दिन सक्ने : कार्यपालिका बैठकले संचालक समितिको काम कारबाहीका सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१८. बचाउ र खारेजी :यस कार्यविधीको दफा तथा उपदफा प्रदेश, संघ वा नगरपालिकाको कुनै ऐन नियमको प्रावधान संग बाझिएमा बाझिएको हद सम्म स्वत: खारेज भएको मानिनेछ।

प्रमाणिकरण गर्नेको नाम : श्री लक्ष्मी प्रसाद शर्मा

,, पद : प्रमुख प्रशासकीय अधिकृत

,, मिति : २०७७/१२/२२